# पोखरा विश्वविद्यालय सेवा आयोग
# विशेष आन्तरिक खुल्ला प्रतियोगिता अन्तर्गत उपप्राध्यापक, प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक पदको नियुक्तिका लागि सिफारिस गर्ने आधारसम्बन्धी कार्यविधि, २०७२

स्वीकृत मिति २०७२।१२।१५

पोखरा विश्वविद्यालय शिक्षक, कर्मचारी सम्बन्धी नियम २०५५ को नियम ६(२) ले दिएको अधिकार तथा मिति २०७२।०८।२७ गते सम्पन्न विश्वविद्यालयको १६ औं साधारण सभाले लिएको अधिकार प्रयोग गरी पोखरा विश्वविद्यालय, कार्यकारी परिषद्ले विशेष प्रतियोगिता मार्फत शिक्षक नियुक्तिको सिफारिस गर्ने सम्बन्धमा यो कार्यविधि बनाई लागू गरेको छ ।

## परिच्छेद - १

## प्रारम्भिक

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम "पोखरा विश्वविद्यालय शिक्षक विशेष प्रतियोगिता सञ्चालन तथा सिफारिस सम्बन्धी कार्यविधि, २०७२" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त लागु हुनेछ ।

२. **परिभाषा** : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "अध्यक्ष" भन्नाले सेवा आयोगको अध्यक्ष सम्झनु पर्छ ।

(ख) "विशेष प्रतियोगिता" भन्नाले विश्वविद्यालयमा करारमा कार्यरत शिक्षकहरुबीच मात्र प्रतिस्पर्धा गराई सेवा आयोगद्वारा लिइने शिक्षकको विशेष आन्तरिक खुल्ला प्रतियोगिता सम्झनु पर्छ ।

(ग) "विश्वविद्यालय" भन्नाले पोखरा विश्वविद्यालय सम्झनु पर्छ ।

(घ) "शिक्षक" भन्नाले विश्वविद्यालयका उपप्राध्यापक, प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक सम्झनु पर्छ ।

(ङ) "सदस्य" भन्नाले सेवा आयोगको सदस्य सम्झनु पर्छ ।

(च) "सेवा आयोग" भन्नाले पोखरा विश्वविद्यालय सेवा आयोग सम्झनु पर्छ

## परिच्छेद - २

## पदपूर्ति सम्बन्धी व्यवस्था र कारवाही

३. **विशेष प्रतियोगिता सञ्चालन गर्न सक्ने** : (१) सेवा आयोगले विश्वविद्यालय सेवाको प्रशिक्षक, उप-प्रशिक्षक र सहायक प्रशिक्षक पदको शिक्षक पदमा नियुक्तिको सिफारिस गर्न यसै कार्यविधि बमोजिम विशेष प्रतियोगिता सञ्चालन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम विशेष प्रतियोगिता मार्फत विज्ञापन गर्नु पर्ने पद, पद संख्या, दरवन्दी रहने संगठन वा निकाय समेत खुलाई कार्यकारी परिषदले सोको विवरण सेवा आयोगमा पठाउनु पर्नेछ ।

(३) उपदफा (२) बमोजिम प्राप्त पद र पद संख्याको आधारमा सेवा आयोगले शिक्षकको पदमा नियुक्तिको लागि सिफारिश सम्बन्धी कारवाही शुरू गर्नेछ ।

(४) विशेष प्रतियोगिताको सञ्चालन सम्बत् २०७३ साल असार मसान्तभित्र सम्पन्न हुनेछ।

४. **पदपूर्तिसम्बन्धी व्यवस्था:** (१) विशेष प्रतियोगितामा उम्मेदवार हुन २०७० साल चैत्र मसान्तभित्र पोखरा विश्वविविद्यालयमा शिक्षण तर्फका पदमा करार सेवामा नियुक्ति भई अविछिन्न सेवा गरिरहेको हुनु पर्नेछ ।

(२) खुला प्रतियोगिता र विशेष प्रतियोगिताका लागि विज्ञापन गर्ने पदको अनुपात खुल्ला ५० प्रतिशत र विशेष आन्तरिक खुल्ला प्रतियोगितामा ५० प्रतिशत हुनेछ ।

तर एक मात्र दरवन्दी रिक्त भएमा विशेष आन्तरिक खुल्ला प्रतियोगिताबाट पदपूर्ति गरिनेछ । विज्ञापन गर्ने पदको अनुपात वरावर नभएमा अविभाज्य दरबन्दीको पदपूर्ति विशेष आन्तरिक खुल्ला प्रतियोगिताबाट गरिनेछ ।

(३) विशेष प्रतियोगिताबाट उप-प्राध्यापकमा आवेदन दिनका लागि स्नातकोत्तर तह कम्तिमा द्वितीय श्रेणीमा उत्तीर्ण गरेको हुनु पर्नेछ ।

(४) स्नातकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण गरेको शिक्षकले सम्वन्धित विषयको उप-प्राध्यापकमा आवेदन दिन पाउनेछ ।

(५) विशेष प्रतियोगितामा प्रशिक्षक, उप-प्रशिक्षक र सहायक प्रशिक्षकले आफू कार्यरत पद र आफ्नो योग्यता अनुसारको सम्बन्धित विषयको उपप्राध्यापक पदमा प्रतिस्पर्धा गर्न सक्नेछन् । यस कार्यविधि बमोजिम हुने विशेष प्रतियोगितामा कार्यरत शिक्षण सहायकहरुले समेत प्रतिस्पर्धा गर्न सक्नेछन् ।

६) विशेष प्रतियोगिता अन्तर्गत उप प्राध्यापक पदमा उम्मेदवार बन्न माथि जे जस्तो योग्यता तोकिएको भएता पनि कुनै शिक्षकले पाएको नियुक्ति र अध्यापन गरिरहेको विषय आफुले उत्तीर्ण गरेको स्नातकोत्तर तहको विषयभन्दा भिन्न भएमा पनि अन्य सवै आवश्यकताहरू पुरा भएमा आफ्नो शैक्षिक योग्यतासंग मिल्ने कुनै एक विषयमा उम्मेदवार हुन रोक लाग्ने छैन ।

५. **विज्ञापन र आवेदन सम्बन्धी प्रक्रिया:** (१) सेवा आयोगले विशेष प्रतियोगिता मार्फत पदपूर्ति गर्नु पर्ने उपप्राध्यापक, प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक पद, आवश्यक संख्या र सोको लागि आवश्यक अनुसूची बमोजिमको न्यूनतम योग्यता समेत खुलाई राष्ट्रिय स्तरको पत्र पत्रिकामा विज्ञापन प्रकाशित गर्नेछ ।

(२) आवेदन दिने म्याद विज्ञापन प्रथम पटक प्रकाशित भएको मितिबाट कम्तिमा ३५ दिनको हुनेछ ।

(३) सेवा आयोगले विशेष प्रतियोगिता सञ्चालनको लागि आवश्यक पर्ने आवेदन फाराम तयार पार्नेछ ।

(४) आवेदन दिन चाहने उम्मेदवारले आवेदन फाराम दस्तुर सहित तोकिएको म्यादभित्र आयोगको कार्यालय वा आयोगले तोकिदिएको कार्यालयमा दर्ता गर्नु पर्नेछ ।

(५) सम्वन्धित व्यवसायीक परिषद्मा रजिष्ट्रेशन (दर्ता) गराउनु पर्ने व्यक्ति मात्र उम्मेदवार हुन सक्ने विषयको लागि उम्मेदवारले अनिवार्य रुपमा त्यस्तो व्यवसायिक परिषद् वा संस्थामा दर्ता हुनु पर्नेछ । त्यस्तो आवेदन फाराम र नाम रजिष्ट्रेशन (दर्ता) नम्बर उल्लेख भएको प्रमाणपत्र पेश नगरेका उम्मेदवारको आवेदन फाराममाथि कुनै कारवाही गरिने छैन ।

(६) म्याद भित्र दाखिला नभएको वा न्यूनतम योग्यता नपुगेका वा विज्ञापनमा उल्लेखित सर्तहरु पुरा नभएको आवेदन फारम उपर कुनै कार्यवाही गरिने छैन ।

(७) सेवा आयोगले विशेष प्रतियोगिताको लागि प्राप्त आवेदन मध्येवाट न्यूनतम योग्यता पुगेका उम्मेदवारको नामावली प्रकाशित गरी परीक्षाको मिति तोक्नेछ ।

(८) आयोगमा दाखिला भइसकेको आवेदन, आवेदन दस्तुर वा संलग्न कुनै पनि कागजात फिर्ता गरिने छैन ।

तर परीक्षा रद्द भएको खण्डमा परीक्षा दस्तुर फिर्ता दिइनेछ ।

## परिच्छेद - ३

## प्रतियोगिताको किसिम

६. **प्रतियोगिताको किसिमः** (१) सेवा आयोगले विशेष प्रतियोगिता विश्वविद्यालयको उपप्रध्यापक, प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक पदमा लिखित तथा अन्तवार्ता प्रतियोगिता सञ्चालन गर्नेछ ।

(२) विश्वविद्यालय कार्यकारी परिषदले विशेष प्रतियोगिताको लागि निर्णय गरी सेवा आयोगमा विज्ञापनको निमित्त दरवन्दी पठाउँदा स्कुलहरु (क्याम्पस) वा संकाय वा अन्तर संकाय अनुसार समुह वनाई वा विभाजन गरी पठाएको खण्डमा सोही अनुसार हुने गरी सेवा आयोगले विज्ञापन प्रकाशित गरी कार्यवाही अगाडि वढाउनेछ ।

(३) विशेष प्रतियोगितामा उम्मेदवार हुन तोकिएको योग्यता भएका शिक्षकहरु वीच प्रतीस्पर्धा हुने गरी खुल्ला तथा समावेशी आधारमा गरिनेछ ।

(४) विशेष प्रतियोगिताद्वारा पूर्ति हुने पद मध्ये ५० प्रतिशत पदमा यस कार्यविधि बमोजिम न्यूनतम् योग्यता पुगेका सवै उम्मेदवारहरुले प्रतिष्पर्धा गर्न र ५० प्रतिशत पदमा महिला, आदिवासी/जनजाति, मधेसी, दलित अपाङ्ग र पिछडिएको क्षेत्रका उम्मेदवारहरुले मात्र समावेशी आधारमा प्रतीस्पर्धा गर्न पाउनेछन् ।

(५) विशेष प्रतियोगितामा समावेशी आधारमा आवेदन दिन चाहने न्यूनतम् योग्यता पुगका परिशिष्ट बमोजिमको वर्ग / क्षेत्रका उम्मेदवारहरुले आवश्यक पर्ने परिशिष्ट १ बमोजिमका कागजात समेत आवेदन साथ पेश गर्नु पर्नेछ ।

(६) समावेशी आधारमा पूर्ति गरिने गरी छुट्याएको ५० प्रतिशत पदलाई शतप्रतिशत मानी देहाय बमोजिम हुने गरी पदपूर्ति गरिनेछ ।

| | | |
|---|---|---|
| (क) | महिला | ३३ प्रतिशत |
| (ख) | आदिवासी/जनजाति | २७ प्रतिशत |
| (ग) | मधेशी | २२ प्रतिशत |
| (घ) | दलित | ९ प्रतिशत |
| (ङ) | अपाङ्ग | ५ प्रतिशत |
| (च) | पिछडिएको क्षेत्र | ४ प्रतिशत |

(७) विशेष प्रतियोगिता बमोजिम खूल्ला र समावेशी आधारमा प्रतिस्पर्धा गराइ पदपूर्ति गर्नु पर्ने पदहरुको सूची कार्यकारी परिषद्ले तोकि पठाउनेछ ।

७. **प्रतियोगितामा सामेल हुन नपाउने :** देहायको व्यक्ति विशेष प्रतियोगितामा सामेल हुन पाउने छैन :-

(क) गैरनेपाली नागरिक,

(ख) भविष्यमा सरकारी सेवा वा विश्वविद्यालय सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवावाट वर्खास्त गरिएको व्यक्ति,

(ग) निजामति सेवा वा शिक्षा मन्त्रालय अन्तर्गतका विद्यालयमा पूर्णकालिन शिक्षकको रुपमा वा नेपाल सरकारको स्वामित्व रहेको संघ संस्था वा अन्य संघ संस्थामा पूर्णकालिन सेवामा कार्यरत रहेको व्यक्ति,

(घ) विश्वविद्यालयको करार सेवामा प्रवेश गर्दाको अवस्थामा अनुसूची १ मा तोकिएको उम्मेरको हद नाघेको व्यक्ति, वा

(ङ) नैतिक पतन देखिने फौजदारी अभियोगमा अदालतवाट कसुरदार ठहर भएको व्यक्ति ।

## परिच्छेद - ४

## सिफारिसका आधार, पूर्णाङ्क तथा अङ्क विभाजन

८. **सिफारिसका आधार र पूर्णाङ्कः** (१) विशेष प्रतियोगिता मार्फत उपप्राध्यापक पदमा नियुक्तिको लागि सिफारिस गर्ने आधार र तिनको पूर्णाङ्क देहाय बमोजिम हुनेछ :-

| क.स | आधार | पूर्णाङ्क |
|---|---|---|
| १. | लिखित परीक्षा | ९० |
| २. | शैक्षिक योग्यता | ६० |
| ३. | अनुसन्धान तथा कृति प्रकाशन | १० |
| ४. | सेवा अनुभव | १० |
| ५. | अन्तर्वार्ता | ३० |
| | जम्मा | २०० |

(२) विशेष प्रतियोगिता मार्फत प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक पदमा नियुक्तिको लागि सिफारिस गर्ने आधार र तिनको पूर्णाङ्क देहाय बमोजिम हुनेछ :-

| क.स | आधार | पूर्णाङ्क |
|---|---|---|
| | | प्रशिक्षक / उपप्रशिक्षक / सहायक प्रशिक्षक |
| १ | लिखित परीक्षा | १०० |
| २ | शैक्षिक योग्यता | ५५ |
| ३ | सेवा अनुभव | १० |

| | | |
|---|---|---|
| ४ | तालीम | ५ |
| ५ | अन्तर्वार्ता | ३० |
| | जम्मा | २०० |

९. **शैक्षिक योग्यताको अङ्क विभाजन***:(१) विशेष प्रतियोगिताको प्रयोजनार्थ उपप्राध्यापक पदकालागि शैक्षिक योग्यताको अङ्क देहाय अनुसार विभाजन गरिएको छ:-

| क.स | शैक्षिक योग्यता | प्रथम श्रेणी CGPA स्नातक- ३·० तथा स्नातकोत्तर ३·३ | द्वितीय श्रेणी CGPA स्नातक- २·० तथा स्नातकोत्तर ३·० | तृतीय श्रेणी |
|---|---|---|---|---|
| १ | एस.एल.सी. वा सो सरह | ५ | ४ | ३ |
| २ | प्रविणता प्रमाणपत्र वा सो सरह | १० | ७ | ५ |
| ३ | स्नातक वा सो सरह | १५ | १० | ८ |
| ४ | स्नातकोत्तर वा सो सरह | २० | १२ | |
| ६ | एम. फिल. | ५ | | |
| | पि.एचडी | १० | | |

(२) विशेष प्रतियोगिताको प्रयोजनार्थ प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक पदका लागि शैक्षिक योग्यताको अङ्क देहाय अनुसार विभाजन गरिएकोछ :-

| क.सं. | शैक्षिक योग्यता | प्रथम श्रेणी | द्वितीय श्रेणी | तृतीय श्रेणी |
|---|---|---|---|---|
| १ | एस.एल.सी. वा सो सरह | २० | १५ | १० |
| २ | तीन वर्षे डिल्लोमा | ३० | २४ | १५ |
| ३ | अतिरिक्त उपाधि (स्नातक) | ५ | ४ | ३ |

**स्पष्टीकरण** : यस दफाको प्रयोजनका लागि,-

(क) पीएचडी (PhD), एमफिल (M.Phil) वा स्नातकोत्तर तहको शोधपत्र पुस्तकको रूपमा प्रकाशित गरे वापत कुनै अङ्क दिइने छैन । साथै सम्पादन कार्य, अनुवाद कार्य तथा सङ्कलन कार्य मात्र भएका कृतिहरु एवं एब्स्ट्र्याक्टको मूल्याङ्कन गरिने छैन ।

(ख) स्नातकोत्तर पछि एम. फिल.(M.Phil) गरी पि.एचडी.(PhD) गरेमा छुट्टाछुट्टै अंङ्क नदिई उम्मेदवारलाई पि. एचडी.(PhD) को मात्र अङ्क दिइनेछ ।

(ग) भिन्न विषयको समान तहको एक भन्दा बढी शैक्षिक योग्यता वा उपाधि हासिल गरेको भए तीमध्ये आवेदित पदसँग सम्बन्धित एउटा मात्र शैक्षिक योग्यता वा उपाधिको लागि अङ्क दिइनेछ ।

(घ) कुनै श्रेणी नखुलेको शैक्षिक योग्यता वा उपाधिलाई द्वितीय श्रेणीको अङ्क दिइनेछ ।

(ङ) एक वा एक भन्दा बढी तह नाघी शैक्षिक उपाधि हासिल गरेका उम्मेदवारका लागि बीचको तहहरूको निमित्त द्वितीय श्रेणीको अङ्क दइनेछ ।

(च) कम्पार्टमेन्टल (Compartmental) परीक्षा उत्तीर्ण गरी प्राप्त शैक्षिक योग्यता वा उपाधिको लागि तृतीय श्रेणीको अङ्क दिइनेछ ।

१०. **अनुसन्धान तथा कृति प्रकाशनको अङ्क विभाजन** : विशेष प्रतियोगिता अन्तर्गत उप प्राध्यापक पदको प्रयोजनार्थ अनुसन्धान तथा कृति प्रकाशनको अङ्क विभाजन देहाय अनुसार हुनेछ :-

| क्र.स | विवरण | अंक | |
|---|---|---|---|
| | | प्रति एकाइको | अधिकतम |
| १ | सम्बन्धित विषयको सन्दर्भ वा अनुसन्धान ग्रन्थ | १ | २ |
| २ | विषयगत अनुसन्धनात्मक प्रतिवेदन | १ | २ |
| ३ | स्नातकोत्तर तहको शोध निर्देशन | १ | २ |
| ४ | विषयगत अनुसन्धानात्मक लेख प्रकाशन | २ | ४ |
| ५ | अधिकतम पाउने अङ्क | - | १० |

**स्पष्टीकरण :**

(क) पीएचडी (PhD), एमफिल (M.Phil) वा स्नातकोत्तर तहको शोधपत्र पुस्तकको रूपमा प्रकाशित गरे वापत कुनै अङ्क दिइने छैन । साथै सम्पादन कार्य, अनुवाद कार्य तथा सङ्कलन कार्य मात्र भएका कृतिहरु एवं एब्स्ट्र्याक्टको मूल्याङ्कन गरिने छैन ।

(ख) बहु-लेखकको नाममा प्रकाशित कृतिको मूल्याङ्कन गर्दा उक्त कृति वापत पाउने अङ्कको दामासहीले दिइनेछ । जर्नल (Jornal) को एक अङ्क (Issue) मा उम्मेदवारहरुको एक भन्दा बढी लेख भएमा कुनै एउटा लेखलाई मात्र मान्यता दिईनेछ ।

(ग) अनुसन्धान तथा कृति मूल्याङ्कन गराउँदा सेवा आयोगले सम्वन्धित विषयका २ (दुई) जना विशेषज्ञ रहेको कृति मूल्याङ्कन समितिवाट गराउनेछ । मूल्याङ्कन गरे पछि विशेषज्ञले आवेदकले प्राप्त गरेको प्राप्ताङ्क सेवा आयोगले दिएको ढाँचामा उल्लेख गरी सिलवन्दी गरी वुझाउनु पर्नेछ ।

(घ) अनुसन्धान तथा कृतिहरुको सक्कल प्रति नै पेश गर्नु पर्ने छ । अनुसन्धान गरिएका संस्थावाट सो स्वीकृत भै सकेको भन्ने व्यहोराको सक्कल पत्र संलग्न गर्नु पर्नेछ ।

(ङ) समाचार पत्रहरुमा छापिएका लेखको मुल्याङ्कन गरिने छैन । ई-जर्नल (E-jornals) हरुमा प्रकाशित लेखको मुल्याङ्कन गरिनेछ । यसरी ई-जर्नल (E-jornals) मा प्रकाशित लेख सेवा आयोगमा मूल्यांकनको लागि पेश गर्दा वेव साइट (Website) लेख भएको प्रत्येक पेजमा नै उल्लेख भएको हुनु पर्छ त्यस्ता लेखलाई वेव साईट (Website) चेक गरेर मात्र मूल्यांकन प्रक्रियामा समावेश गरिनेछ ।

(च) विज्ञापन प्रकाशित भई सकेपछि प्रकाशित भएका अनुसन्धान तथा कृति प्रकाशन एवं शोध निर्देशन कार्यको मूल्याङ्कन गरिने छैन ।

(झ) अनुसन्धान केन्द्रमा कार्यरत शिक्षकहरुले अनुसन्धान वापत छुट्याएको अङ्क निजको कार्यालयको नियमित अनुसन्धान कार्यको अतिरिक्त थप अनुसन्धान कार्य गरेको खण्डमा मात्र आर्जन गर्न सक्नेछ ।

(ञ) आवेदकले आफ्ना कृतिहरुलाई जुन प्रकार अन्तरगत मुल्याङ्कनका निमित्त पेश गरेको छ सोही प्रकार अन्तरगत रहेर मात्र अङ्क प्रदान गरिनेछ । आवेदकले माग गरे भन्दा भिन्न प्रकारमा गएर कुनै पनि कृतिको मुल्याङ्कन गरिने छैन ।

(ट) आवेदकले प्रत्येक महलमा उल्लेखित कृति संख्यामा सतप्रतिशत थप कृतिहरु बुझाउन सक्नेछ । आवेदकले पेश गरेका सबै कृतिहरुको मुल्याङ्कन गरी प्रत्येक महलमा उल्लेखित अधिकतम अङ्क नबढने गरी अङ्क प्रदान गरिनेछ ।

(ठ) सम्वन्धित बिषयको पाठ्यपुस्तकलाई अङ्क प्रदान गरिने न्यूनतम आधार देहाय बमोजिम निर्धारण गरिनेछ :-

(अ) पाठ्यक्रममा उल्लेखित विषय वस्तुको ढकाई (Cover),

(आ) विषयवस्तुको गहिराई,

(इ) भाषा,

(ई) तह अनुरुप विषयवस्तुको प्रस्तुतीकरण,

(उ) आवश्यक चार्ट, चित्र, तालिका,

(ऊ) सन्दर्भ सामाग्री, सूची ।

**नोटः** पाठ्यपुस्तक भन्नाले दश दुई जोड वा स्नातक तह वा स्नाकोत्तर तहको लागि लेखिएको पुस्तक सम्झनु पर्छ । अनुवाद गरेका पुस्तकहरुलाई र सम्पादन मात्र गरेका पुस्तकहरुलाई मुल्याङ्कनमा समावेश गरिने छैन ।

(ड) सम्वन्धित बिषयको अनुसन्धान र सन्दर्भ ग्रन्थलाई अङ्क प्रदान गरिने न्यूनतम आधार देहाय बमोजिम निर्धारण गरिनेछ :-

(अ) मौलिक खोज वा अनुसन्धानमा आधारित भई अनुसन्धान विधिको प्रयोग भएको,

(आ) सम्वन्धित विषयलाई योगदान पुग्ने,

(इ) भाषा र प्रस्तुतीकरण,

(ई) तह अनुरुप विषयवस्तुको प्रस्तुतीकरण,

(उ) आवश्यक चार्ट, चित्र, तालिका,

(ऊ) सन्दर्भ सामाग्री, सूची ।

**नोटः** अनुसन्धान / सन्दर्भ ग्रन्थ भन्नाले उम्मेदवारले आवेदन गरेको विषयसंग सम्वन्धित शैक्षिक कार्यक्रमका लागि उपयोगी (Reference Book) हुने पुस्तक सम्झनु पर्दछ । प्रश्न उत्तरका रुपमा तयार पारिएका वा गाइड जस्ता, अनुवाद गरेका पुस्तकहरुलाई र सम्पादन मात्र गरेका पुस्तकहरुलाई मुल्याङ्कनमा समावेश गरिने छैन ।

(ढ) विषयगत अनुसन्धान प्रतिवेदनलाई अङ्क प्रदान गरिने न्यूनतम आधार देहाय बमोजिम निर्धारण गरिनेछ :-

(अ) विषयसंग सम्वन्धित,

(आ) उद्देश्य अनुरुप विषय वस्तुको संगठन र प्रस्तुतीकरण,

(इ) अनुसन्धान विधिको स्पष्टता,

(ई) विश्लेषण र विवेचनाको गहनता,

(उ) निष्कर्ष वा प्राप्तिमा आधारित सुझाव ।

(ण) राष्ट्रिय र अन्तर्राष्ट्रिय जर्नलमा प्रकाशित अनुसन्धान लेख तथा विषयगत अनुसन्धानात्मक लेखलाई अङ्क प्रदान गरिने न्यूनतम आधार देहाय बमोजिम निर्धारण गरिनेछ :-

(अ) शिर्षक र विषयवस्तुको सम्वन्ध,

(आ) उद्देश्य अनुरुप विषयवस्तुको प्रस्तुतीकरण,

(इ) मौलिकता,

(ई) विश्लेषण,

(उ) सन्दर्भ सामाग्री, सूची ।

(त) अनुसन्धान प्रतिवेदनको साथमा अनुसन्धान गराउने संस्थाले अनुसन्धान पुरा भएको बर्ष तथा उक्त अनुसन्धान प्रतिवेदन मुल्याङ्कन भई स्वीकृत भएको भन्ने विवरण सहितको आधिकारिक पत्रको सक्कल नै अनुसन्धान प्रतिवेदनमा संलग्न हुनु पर्ने छ । यस्तो आधिकारिक पत्र संलग्न नभएको अनुसन्धान प्रतिवेदन मुल्याङ्कनको लागि योग्य हुने छैन ।

(थ) अनुसन्धान प्रतिवेदनलाई अनुसन्धानात्मक लेख वनाई जर्नल (Jornals) मा प्रकाशित गरेमा कुनै एकलाई मान्यता दिईनेछ ।

(द) आवेदकले आवेदन फाराम संगै पेश गर्न ल्याएका अनुसन्धानात्मक र अन्य कृतिको सूची पोखरा विश्वविद्यालय सेवा आयोगले आवेदन फाराममा कृतिका लागि दिएको ढाँचामा उल्लेख गरिए वमोजिमको एक प्रतिका अतिरिक्त अर्को प्रति सोही ढाँचा अनुरुप आवेदक स्वयंले तयार पारी आवेदन फाराम साथै पेश गर्नु पर्नेछ ।

(ध) अनुसन्धानात्मक र अन्य कृतिहरु (पुस्तक, कृति, अनुसन्धान कार्य आदि) को प्रकाशकको सम्पर्क गर्ने ठेगाना समेत उल्लेख भएको हुनु पर्नेछ ।

(न) ISBN नम्वर अंकित नभएको पुस्तक मूल्यांकन गरिने छैन ।

तर यो व्यवस्था लागु हुनुभन्दा अगाडी ISBN नम्वर अंकित नभई प्रकाशित भएको पुस्तकहरुको हकमा एक पटकको लागि मात्र पोखरा विश्वविद्यालय सेवा आयोगले बढीमा एक महिनाको समयावधि तोकी ISBN नम्वर लिन व्यवस्था गर्न सक्नेछ ।

११. **<u>सेवा अनुभवको अङ्क सम्बन्धी व्यवस्था</u>** : (१) स्नातकोत्तर उत्तिर्ण गरी मान्यता प्राप्त विश्वविद्यालय वा कलेज (महाविद्यालय) मा सम्वन्धित विषय प्राध्यापनका लागि सेवा अनुभवको अङ्क दिइनेछ ।

तर स्वास्थ्य विज्ञानको हकमा भने एमविविएस वा सो सरहको परीक्षा उत्तीर्ण गरी सरकारी वा कम्तिमा १५ शैया भएको निजी अस्पतालमा वा औषधि उद्योगमा गरेको सेवाका लागि अनुभवको अङ्क दिईनेछ । सेवा आयोगको मुल्याङ्कन प्रयोजनका लागि सम्वन्धित संस्थाले आवेदकलाई दिएको नियुक्ति पत्रको सक्कल प्रति नै वुझाउनु पर्नेछ ।

(२) सेवा अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा बर्ष, महिना भन्दा घटी अङ्क दिइने छैन । नोकरी अवधिको गणना गर्दा अटुट रुपमा गरेको अवधिलाई जोडिनेछ । यसरी जोडदा उम्मेदवार आफु बहाल रहेको पद र सो भन्दा तल्लो पदमा काम गरेको अवधि जोडी बर्ष अवधि पुगेमा जुन पदमा बढी महीना काम गरेको देखिन्छ सो पदको अङ्क दिइने छ । महीना पछि शेष हुन आउने दिनहरुको गणना हुने छैन ।

(३) विशेष प्रतियोगितामा सम्मिलित उम्मेदवारहरुलाई सेवा अनुभव वापत स्नातकोत्तर तह उत्तीर्ण गरी कलेज (महाविद्यालय) मा शिक्षण वा अनुसन्धानमा कार्यरत व्यक्तिले उपप्राध्यापक पदमा आवेदन दिएमा निजलाई प्रतिवर्ष २ अङ्कका दरले अधिकतम १० अङ्क प्रदान गरिनेछ ।

तर, प्राविधिक विषयका हकमा भने स्नातक तह उत्तिर्ण गरी कलेजमा शिक्षण वा अनुसन्धानमा कार्यरत अवधि वा अस्पताल वा सम्बन्धित उद्योगमा अधिकृत तहमा सेवा गरेको प्रतिवर्ष १ अङ्कका दरले अधिकतम १० अङ्क प्रदान गरिनेछ ।

(४) प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक पदमा विशेष प्रतियोगिताको लागि अनुभवको गणना मान्यता प्राप्त विश्वविद्यालय वा महाविद्यालयमा सम्बन्धित विषयमा प्राध्यापन गरेवापत प्रति वर्ष २ अङ्कका दरले निर्धारित अङ्कमा नबढने गरि प्रदान गरिनेछ र अन्य क्षेत्रमा सम्वन्धित बिषयसंग सम्वन्धित काम गरेवापत प्रत्येक वर्षको लागि १ अङ्कका दरले निर्धारित अङ्कमा नबढने गरी दिइनेछ ।

**<u>स्पष्टीकरण</u>**: यस दफाको प्रयोजनका लागि,-

(क) उपप्राध्यापकको हकमा न्यूनतम शैक्षिक योग्यता (स्नाकोत्तर तह द्वितीय श्रेणीमा उत्तीर्ण) प्राप्त गरिसकेपछि गरेको शिक्षण वा अनुसन्धान अनुभवलाई मात्र गणना गरिनेछ ।

तर, प्राविधिक विषयमा भने स्नातक तह उत्तीर्ण गरी गरेको सेवालाई समेत गणना गरिनेछ ।

(ख) प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक न्यूनतम शैक्षिक योग्यता प्राप्त गरिसकेपछि गरेको प्राध्यापन वा सम्वन्धित बिषयसंग सम्वन्धित काम गरेवापत अनुभवलाई मात्र गणना गरिनेछ ।

(ग) सेवा अवधि गणना गर्दा जम्मा हुन आउने अवधिमा एक वर्ष भन्दा घटी अवधिको लागि अङ्क दिइने छैन । नोकरी अवधिको गणना गर्दा अटुट रूपमा गरेको अवधिलाई जोडिने छ । यसरी जोड्दा उम्मेदवार आफू बहाल रहेको पद र सो भन्दा तल्लो पदमा काम गरेको अवधि जोडी एक वर्ष अवधि पुगेमा जुन पदमा बढी महीना काम गरेको देखिन्छ सोही पदको अङ्क दिइनेछ ।

(घ) विशेष प्रतियोगिताको लागि नोकरी वर्ष गणना गर्दा २०७० चैत्र मसान्त भित्र करार सेवामा नियुक्ति भई पोखरा विश्वविद्यालयमा हालसम्म अटुट रूपमा करार सेवामा काम गरेको अवधि गणना गरिनेछ । पोखरा विश्वविद्यालयले खटाएको वा स्वीकृति लिई मान्यता प्राप्त विश्वविद्यालय, संगठन वा निकायमा गरेका अध्यापन/अनुसन्धान अवधि पनि गणना गरिनेछ ।

(ङ) सेवा अवधि गणना गर्दा विज्ञापन प्रकाशित हुनुभन्दा अगाडी सम्मको सेवा अवधि मात्र अङ्क दिने प्रयोजनको लागि गणना गरिनेछ ।

१२. **<u>तालीमको अङ्क विभाजन</u>** : १) विशेष प्रतियोगिता अन्तर्गत तालीमको अंक दिँदा पेडागोजिकल वा विषयसँग सम्बन्धित तालीमको मात्र अङ्क दिइनेछ ।

(२) प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक पदको विशेष अन्तरिक खुला प्रतियोगिताको प्रयोजनार्थ पेडागोजिकल प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक पदको विषयसँग सम्बन्धित तालिमको अङ्क देहाय बमोजिम विभाजन गरिएको छ ।

| क्र.स | विवरण | अङ्क |
|---|---|---|
| १ | ९ महीना वा सोभन्दा बढी अवधिको तालीम | ५ |
| २ | ६ महीना वा सोभन्दा बढी तर ९ महीनाभन्दा कम अवधिको तालीम | ४ |
| ३ | ३ महीना वा सोभन्दा बढी तर ६ महीनाभन्दा कम अवधिको तालीम | ३ |
| ४ | १ महीना वा सोभन्दा बढी तर ३ महीनाभन्दा कम अवधिको तालीम | २ |

**<u>स्पष्टीकरण</u>**: यस दफाको प्रयोजनका लागि तालीम बापत अङ्क दिँदा,-

(क) आवेदित पद वा सोभन्दा एक तह मुनिको पदमा रही लिएको तालीम वापत उक्त अङ्क दिइनेछ ।

(ख) एक वा एक भन्दा बढी तालीमको अङ्क गणना गर्न सकिनेछ ।

तर उम्मेदवारले तालीम वापत पाउने अङ्क भन्दा बढी प्राप्ताङ्क पाउने छैन ।

(ग) स्वदेश र विदेशमा लिइएको तालीमलाई समान अङ्क दिइनेछ ।

(घ) श्रेणी (division) का आधारमा अङ्क भेदभाव गरिने छैन ।

(ङ) विश्वविद्यालय वा मान्यता प्राप्त संस्थाबाट लिइएको तालिमको लागि मात्र अङ्क दिइनेछ ।

(च) पोष्ट ग्रेजुएट डिप्लोमालाई तालीम सरह मान्यता दिइनेछ ।

१३. **लिखित परीक्षाः** (१) विशेष प्रतियोगिताको उपप्राध्यापक, प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक पदमा नियुक्तिका लागि सिफारिस हुने उम्मेदवारले लिखित परीक्षा दिनु पर्नेछ ।

(२) सेवा आयोगले विषयगत विज्ञहरूसँग परामर्श गरी विशेष प्रतियोगिताको लागि लिखित परीक्षाको पाठ्यक्रम तयार गर्नेछ ।

(३) लिखित परीक्षाको पाठ्यक्रम सेवा आयोगले आवश्यकता अनुसार संशोधन परिमार्जन गर्न सक्नेछ ।

(४) लिखित परीक्षाको विषय संख्या र समयावधि सेवा आयोगले निर्धारण गरे बमोजिम हुनेछ ।

(५) विशेष प्रतियोगितामा खुल्ला र समावेशी तर्फको लिखित परीक्षा एकै समयमा एउटै प्रश्न पत्रबाट लिइनेछ ।

(६) विशेष प्रतियोगिता अन्तर्गतको लिखित परीक्षाको उत्तीर्णाङ्क ५० प्रतिशत हुनेछ ।

(७) उपप्राध्यापक पदको लिखित परीक्षाका पूर्णाङ्कलाई दफा ८ (१) को खण्ड १ मा उल्लेखित अङ्कलाई आधार मानेर सो वमोजिम परिणत गरी सोही अनुपातमा शिक्षकलाई लिखित परीक्षा वापत पाउने अङ्क प्रदान गरिने छ ।

१४. **लिखित परीक्षाको नतिजा** : (१) उम्मेदवारले लिखित परीक्षामा प्राप्त गरेको कुल अङ्कको आधारमा अन्तर्वार्ताका लागि वर्णानुक्रमका आधारमा सफल भएका उम्मेदवारहरुको नामावली प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लिखित परीक्षामा उर्त्तिण उम्मेदवारको नामावली प्रकाशन गर्दा विज्ञापनमा उल्लेख गरिएको संख्यामा पचास प्रतिशत थप हुने गरी प्रकाशन गरिनेछ ।

१५. **अन्तर्वार्ता** : (१) विशेष प्रतियोगितामा उपप्राध्यापक, प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक पदका उम्मेदवार लिखित परीक्षा उत्तीर्ण भए पछि सेवा आयोगको विज्ञापन अनुसार अन्तर्वार्तामा सहभागी हुन पाउनेछन ।

(२) अन्तर्वार्ताको पूर्णाङ्क ३० र उत्तीर्णाङ्क १५ हुनेछ ।

(३) अन्तर्वार्ताका लागि निर्धारित ३० पूर्णाङ्कको विभाजन देहाय अनुसार हुनेछः

| | | |
|---|---|---|
| (क) | अध्यक्ष र सदस्यहरू | ७ |
| (ख) | विज्ञहरू | २३ |

(४) अन्तर्वार्ता मिति, समय र स्थान सेवा आयोगले तोके बमोजिम हुनेछ ।

**स्पष्टीकरणः** यस दफाको प्रयोजनका लागि,

(क) सेवा आयोगको रोष्टरमा रहेका विज्ञहरू मध्येबाट सेवा आयोगले २ जना विज्ञ तोक्नेछ ।

(ख) सम्बन्धित विषयमा विज्ञ नपाएमा नजिकका अन्य विषयका शिक्षकलाई समेत विज्ञका रूपमा आमन्त्रण गर्न सकिनेछ ।

(ग) अध्यक्ष र सदस्यहरूले दिएको अङ्क तथा विज्ञहरूले दिएको अङ्क अलग अलग जोडी हुन आउने औषत अङ्कको जोड उम्मेदवारको प्राप्ताङ्क हुनेछ ।

(घ) अध्यक्ष, सदस्यहरू वा विज्ञले उम्मेदवारलाई अन्तर्वाताका लागि निर्धारित अङ्कको ३० प्रतिशत भन्दा कम वा ८० प्रतिशत भन्दा बढी अङ्क प्रदान गर्नु परेमा सो को कारण जनाउनु पर्नेछ ।

## परिच्छेद - ५

## सिफारिस सम्बन्धी व्यवस्था

१६. **योग्यताक्रमको सूची तथा सिफारिस सम्बन्धी व्यवस्थाः** (१) लिखित तथा अन्तवार्तामा सफल भएका उम्मेदवारहरूले विभिन्न आधार/शीर्षकमा प्राप्त गरेको कूल अङ्कलाई तालिकीकरण (टेबुलेशन) गरी नियुक्तिको लागि सिफारिस हुने सफल उम्मेदवार र वैकल्पिक उम्मेदवारहरुको छुट्टा छुट्टै योग्यताक्रम सूची तयार गरी प्रकाशन गरिनेछ ।

(२) उपदफा (१) बमाजिम सूची प्रकाशन गर्दा सफल भएका प्रत्येक उम्मेदवारले प्राप्त गरेको कूल अङ्क प्रकाशित गरिनेछ ।

तर वैकल्पिक सूचीमा परेका उम्मेदवारले प्राप्त गरेको अङ्क प्रकाशित गरिने छैन ।

(३) नियुक्तिको लागि सूची प्रकाशित गर्दा सर्वप्रथम समावेशी तर्फ सिफारिश हुने उम्मेदवारको नामावली प्रकाशन गरिनेछ र सो गर्दा क्रमश : पिछडिएको क्षेत्र, अपाङ्ग, दलित, मधेशी, आदिवासी/जनजाति, महिलाको क्रमले प्रकाशन गरिनेछ ।

(४) समावेशी तर्फको कुनै एक वर्ग/क्षेत्रको समूहमा नाम सिफरिश भएको कुनै उम्मेदवारको नाम अन्य वर्ग/क्षेत्र वा खुल्ला तर्फको सूचीमा पनि रहने भएमा त्यस्तो पछिल्लो सूचीबाट निजको नाम स्वतः हट्नेछ ।

(५) समावेशी वर्ग/क्षेत्र तर्फको नतिजा प्रकाशन भए पछि खुल्ला तर्फ सिफारिश हुने सफल उम्मेदवारहरुको सूची प्रकाशन गरिनेछ ।

(६) समावेशीतर्फ कुनै वर्गवाट उत्तीर्ण आवेदक महिला नभएमा सोही समूहको उत्तीर्ण आवेदकलाई छनौट गरिनेछ । सम्वन्धित समूहवाट उत्तीर्ण आवेदक नभएमा समावेशी समूहमध्ये निकटतम उपल्लो (Ascending order) वर्गको उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवारलाई छनौट गरिने छ । यसरी उच्चतम अङ्क प्राप्त गर्ने उम्मेदवार छनौट गर्दा सो वर्ग/समूहका निमित्त छुट्याइएको दरवन्दीमा कुनै असर पर्ने छैन ।

(७) दुई वा सोभन्दा बढी उम्मेदवारहरूले प्राप्त गरेको कूल अङ्क बराबर हुन गएमा विश्वविद्यालय प्रशासनिक सेवाको जेष्ठताको आधारमा योग्यताक्रम सूची निर्धारण गरिनेछ र सो पनि वरावर भएमा तोकिएको न्यूनतम शैक्षिक योग्यता वापतको तहमा प्राप्त गरेको बढी प्रतिशत अङ्कको आधारमा योग्यताक्रम निर्धारण गरिनेछ । सो गर्दा पनि वरावर भएमा अन्तर्वार्तामा विज्ञबाट प्राप्त गरेको बढी अङ्कको आधारमा योग्यताक्रम निर्धारण गरिनेछ र सो पनि वरावर भएमा उमेरको जेष्ठताको आधार लिइनेछ ।

(८) प्रत्येक विषयमा निर्धारित पूर्णाङ्कको ५० प्रतिशत भन्दा कम अङ्क प्राप्त गर्ने उम्मेदवारहरूलाई नियुक्तिको लागि सिफारिस गरिने छैन ।

(९) पदपूर्तिको लागि अन्तिम नतिजा प्रकाशित गर्दा समावेशीतर्फ छुट्याइएको पदमा लिखित वा अन्तर्वार्तावाट उपयुक्त उम्मेदवार सिफारिश हुन सक्ने अवस्था नरहेमा त्यस्तो पद खुल्ला प्रतियोगितावाट पदपूर्ति हुने पदमा समावेश गरि पदपूर्ति गरिनेछ ।

१७. **पुर्नयोग सम्बन्धी व्यवस्था :** (१) सफल उम्मेदवारको योग्गताक्रमानुसार नियुक्तिको लागि सिफारिस गर्दा आफूले प्राप्त गरेको कूल अङ्क सन्तोषजनक नलागेमा त्यस्ता उम्मेदवारले सेवा आयोग समक्ष पुनर्योगको माग गर्न सक्नेछ । पुर्नयोगको लागि योग्गताक्रमानुसार नियुक्तिको लागि सिफरिस गरेको ७ दिन भित्र रु ३०००।-(तीन हजार) दस्तुर तिरी विधिवत सेवा आयोगमा निवेदन दिनु पर्नेछ ।

(२) उपदफा (१) बमोजिम निवेदन परेमा सेवा आयोगले ५ दिन भित्रमा सो निवेदन उपर कारवाही गरी किनारा लगाउनु पर्नेछ ।

१७. **परीक्षाको मर्यादा कायम गर्ने** : विशेष प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले झुट्ठा विवरण दिएमा वा लिखित परीक्षा वा अन्तर्वार्तामा कुनै अनियमित कार्य वा मर्यादा भङ्ग गरेमा सेवा आयोगले निजको सो विज्ञापनमा परेको आवेदन फाराम तथा परीक्षा रद्द गरी त्यस्तो उम्मेदवारलाई निजको कसूर हेरी आयोगवाट लिइने कुनै पनि प्रतियोगितामा कुनै खास अवधिको लागि भाग लिन नपाउने गरी अयोग्य घोषित गर्न सक्नेछ ।

१८. **सिफारिस बदर हुने** : (१) विशेष प्रतियोगितामा सम्मिलित कुनै उम्मेदवारले नतिजालाई प्रभावित पार्ने गरी झुट्ठा विवरण दिई सिफारिस भएको पाइएमा निजको सिफारिस रद्द हुनेछ ।

(२) विशेष प्रतियोगिताको मूल्याङ्कन तालिकामा कुनै भूल वा त्रुटि हुन गई सिफारिस वा नियुक्ति भएको कुनै उम्मेदवार सिफारिस वा नियुक्त हुन नसक्ने अवस्था भएको कुरा प्रमाणित हुन आएमा सेवा आयोगले त्यस्ता उम्मेदवारको सिफारिस बदर गर्न सक्नेछ ।

## परिच्छेद - ६

## विविध

१९. **आवश्यक फारामहरू** : सेवा आयोगले यस कार्यविधिको कार्यान्वयनको सिलसिलामा आवश्यक पर्ने आवेदन फाराम, मूल्याङ्कन फारमहरु र अन्य आवश्यक फारमहरु बनाई कार्यान्वयन गर्न सक्नेछ ।

२०. **दस्तुर निर्धारण :** सेवा आयोगबाट सञ्चालन गरिने विशेष प्रतियोगिताको निमित्त आवेदन दस्तुर, परीक्षा दस्तुर र अन्य खर्च कार्यकारी परिषद्ले तोके बमोजिम हुनेछ ।

२१. **कार्यविधिको संशोधन** : पोखरा विश्वविद्यालय कार्यकारी परिषदले यस कार्यविधिलाई आवश्यकता अनुसार संशोधन गर्न सक्नेछ ।

२२. **बाधा अडकाउ फुकाउने**: यस कार्यविधि बमोजिम काम काज वा कार्यवाही गर्दा कुनै बाधा अड्काउ पर्न गएमा वा विवाद उठेमा ऐन तथा नियमको प्रतिकुल नहुने गरी त्यस्ता बाधा अड्काउ फुकाउने तथा कार्यविधिको व्याख्या गर्ने अन्तिम अधिकार सेवा आयोगलाई हुनेछ ।

**परिशिष्ट–१**

समावेशी तर्फ छुट्याईएका पदमा दरखास्त दिदा देहायका आधरमा दिनु पर्ने छ ।

**१. आदिवाशी/जनजातीका हकमाः-**

आदिवाशी/जनजातीका हकमा नेपाल आदिवाशी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातीको सोही सूचीको आधरमा, तर नेपाल आदिवाशी/जनजाती उत्थान राष्ट्रिय प्रतिष्ठान ऐनमा सूचिकृत भएको जातीको भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणीत गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**२. मधेशीको हकमाः-**

मधेशीको हकमा नेपाल सरकारले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी तोके बमोजिमको संस्थावाट मधेशी भनी प्रमाणीत गरेको आधारमा, तर नेपाल राजपत्रमा सूचना प्रकाशन गरी नतोकेसम्म सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट मधेशी भनी प्रमाणीत गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**३. दलितको हकमाः-**

दलितको हकमा राष्ट्रिय दलित आयोगवाट सूचीकृत भएको जातिको सोही सूचीको आधारमा, तर राष्ट्रिय दलित आयोगवाट सूचीकृत भएको जाती भित्र एकभन्दा बढी थरहरु भएमा सम्बन्धित स्थानीय निकायको प्रमुखको सिफारिसमा प्रमुख जिल्ला अधिकारीवाट सूचीकृत भएको जाति भित्रको थर भनी प्रमाणीत गराई दरखास्त साथ पेश गर्नु पर्नेछ ।

**४. अपाङ्गका हकमाः-**

अपाङ्गका हकमा स्वीकृत चिकित्सकको सिफारिसमा समाज कल्याण परिषद्वाट अपाङ्गता प्रमाणीत गरेको आधारमा ।

**५. पिछडिएको क्षेत्रको हकमाः-**

पिछडिएको क्षेत्रको हकमा पिछडिएको क्षेत्र भन्नाले आछाम, कालिकोट, जाजरकोट, जुम्ला, डोल्पा,वजाङ्ग, वाजुरा, मुगु र हुम्ला जिल्ला सम्झनु पर्दछ । पिछडिएको क्षेत्र समुहबाट आवेदन दिनेहरुले यहाँ उल्लेख भएका जिल्लामा स्थायी बसोवास उल्लेख गरिएको नागरिकताको प्रमाणपत्र तथा सम्बन्धित गाउँ विकास समिति वा नगरपालिकाबाट हाल सोही स्थानमा स्थायी वसोवास भएको भनी बसाइँ-सराइँ प्रमाणीत गरेको पत्र दरखास्त साथ पेश गर्नु पर्नेछ ।

## अनुसूची १

पोखरा विश्वविद्यालय

**<u>विशेष प्रतियोगिता अन्तर्गत उपप्राध्यापक, प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक पदको उम्मेदवार हुनका लागि न्यूनतम योग्यता</u>**

१. विशेष प्रतियोगिता अन्तर्गत उपप्राध्यापक, प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक पदको उम्मेदवार हुनका लागि देहायमा उल्लेखित न्यूनतम योग्यता कायम गरिएको छ ।

**<u>उपप्राध्यापक पदमा उम्मेदवार हुनका लागि अवश्यक न्यूनतम योग्यता</u>**

सम्बन्धित विषयमा मान्यता प्राप्त विश्वविद्यालयबाट स्नाकतकोत्तर तह न्यूनतम द्वितीय श्रेणीमा उत्तिर्ण गरेको र २१ वर्ष पूरा भई ४५ वर्ष ननाघेको ।

**<u>प्रशिक्षक पदमा उम्मेदवार हुनका लागि अवश्यक न्यूनतम योग्यता</u>**

सम्बन्धित प्राविधिक विषयमा स्नातक वा सहायक प्रशिक्षकको न्यूनतम योग्यता पुरा गरी ८ वर्षको अनुभव भएको र २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।

**<u>उपप्रशिक्षक पदमा उम्मेदवार हुनका लागि अवश्यक न्यूनतम योग्यता</u>**

सहायक प्रशिक्षकको न्यूनतम योग्यता पुरा गरी ४ वर्षको अनुभव भएको र २१ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।

**<u>सहायक प्रशिक्षक पदमा उम्मेदवार हुनका लागि अवश्यक न्यूनतम योग्यता</u>**

सम्बन्धित प्राविधिक विषयमा ३ वर्षे डिप्लोमा पास गरेको १८ वर्ष पूरा भई ३५ वर्ष ननाघेको ।

२. उपरोक्त न्यूनतम योग्यताका साथै सम्बन्धित व्यवसायिक परीषद्मा नाम रजिष्ट्रेशन (दर्ता) भएको हुनुपर्ने हेल्थ साईन्स र ईञ्जिनियरिङ्गका सबै विषयका कार्यक्रमहरु तर्फ उपप्राध्यापक, प्रशिक्षक, उपप्रशिक्षक र सहायक प्रशिक्षक पदका लागि सम्बन्धित व्यवसायिक परीषद्मा नाम रजिष्ट्रेशन ( दर्ता) भएको हुनुपर्नेछ र प्राप्त रजिष्ट्रेशन नम्बर उल्लेख भएको प्रमाणपत्र पेश गर्नु पर्नेछ । सम्बन्धित व्यवसायिक परीषद्मा नाम रजिष्ट्रेशन (दर्ता) नभएको व्यक्तिले सेवा आयोगको विज्ञापन अनुसार आवेदन गर्न पाउने छैन ।